# संबिधान सभाको निर्वाचन अघि र पछि के के गर्नु पर्ला?

Dr. Krishna B. Bhattachan, Ph.D.

**- डा. कृष्ण भट्टचन**

**विषय प्रबेश**

अहिले देशको अवस्था भद्रगोल छ । हिंसा प्रतिहिंसा, बम विस्फोटन, गोली प्रहार, अपहरण, फिरौति, डकैती, लुटपाट, टायर बाल्ने काम, बन्ध, हडताल, जुलुस, असुरक्षा आदिको स्थिती अकासिंदो छ र कानून र व्यवस्था अस्तव्यस्त छ । संविधान सभाको निर्वाचनका लागि दिन गन्ती शुरु भइसकेको छ तर स्वच्छ र भयरहित निर्वाचनकलागि वातावरण सुध्रिने भन्दा पनि बिग्रदो छ । मधेशी आन्दोलन र पुवी पहाडहरुका आदिवासी जनजाति आन्दोलनले सार्थक संविधान सभाकालागि बिभीन्न मागहरु राखेको छन् । सात दल सबै मागहरु निर्वाचन पछि बन्ने संविधान सभाले सम्बोधन गर्नेछन् भन्दै जसरी पनि चैत २८ गते निर्वाचन गर्ने प्रतिबद्धता व्यक्त गर्दैछन् भने आन्दोलनकारीहरु सार्थक संविधान सभा नभए निर्वाचन गर्न नदिने अडान राखेका छन् । यो अन्योल र अस्तव्यस्तता संविधान सभा अघि र पछि के गर्न पर्ने र नगरे के कति मूल्य चुकाउन पर्ने भन्ने प्रश्नको सहि उत्तर खोजेर समाधान गर्न नखोजिएको र नचाहेको कारणले सृजना भएको हो । आजको साप्ताहिक भ्कटारो यहि प्रश्नको उत्तर खोज्ने प्रयासमा केन्द्रित छ ।

**संविधान सभाको निर्वाचन अघि के गर्न पर्ने?**

मधेशी, दलित, महला, आदिवासी जनजाीत आदि लगायतका आन्दोलनकारी शक्तिहरु संग आफ्ना हक अधिकार स्थापित गर्नकालागि निम्न चार बिकल्पहरु देखिन्छ:

***बिकल्प १:***

पहिलो चरणमा राजनैतिक दलहरु र आन्दोलकारी शक्तिहरुले निम्न कामहरु गर्न पर्दछ:

- सात राजनैतिक दलका प्रत्येक राजनैतिकदलले आन्दोलनकारी शक्तिहरुले राखेका मागहरु प्रति विकल्पहरु सहितको साझा अवधारणा निर्माण गर्न पर्दछ ।
- निम्न आन्दोलकारी शक्तिहरुले गोलमेच सम्मेलनको माध्यम विकल्पहरु सहितको साझा मागहरु तय गर्न पर्दछ ।
    - पहिला मधेशका निशस्त्र आन्दोलनकारीहरु र त्य पछि मधेशका निशस्त्र र सशस्त्र समुहहरु ।

- आदिवासी जनजातिका सबै आन्दोलनकारी शक्तिहरु र जातीय राजनैतिक, सामाजिक र सांस्कृतिक संघ संस्थाका प्रतिनिधीहरु
- दलितका सबै आन्दोलनकारी शक्तिहरु, गैरसरकारी संस्था, जातीय, राजनैतिक, सामाजिक र सांस्कृतिक संघ संस्थाका प्रतिनिधीहरु ।
- महिलाका सबै आन्दोलनकारी शक्तिहरु, गैरसरकारी संस्था, राजनैतिक, सामाजिक र सांस्कृतिक संघ संस्थाका प्रतिनिधीहरु ।
- कर्णाली लगायतका दूर्गम क्षेत्रहरुका आन्दोलकारी शक्तिहरु, गैरसरकारी संस्था, राजनैतिक, सामाजिक र सांस्कृतिक संघ संस्थाका प्रतिनिधीहरु ।
- विभीन्न पेशागत आन्दोलकारी शक्तिहरु र उनीहरुका संघ संस्थाका प्रतिनिधीहरु ।
- विभीन्न विषयगत (जस्तै अन्धअपांग, द्वन्द पिडीत, बेपत्ता पारएकाहरुको परिवार आदि) आन्दोलकारी शक्तिहरु र उनीहरुका संघ संस्थाका प्रतिनिधीहरु ।

दोश्रो चरणमा निम्न आन्दोलकारी शक्तिहरुले गोलमेच सम्मेलनको माध्यम विकल्पहरु सहितको साझा मागहरु तय गर्न पर्दछः

- सात राजनैतिक दल र सरकारले आन्दोलनकारी शक्तिहरुले राखेका मागहरु प्रति विकल्पहरु सहितको साझा अवधारणा निर्माण गर्न पर्दछ ।
- मधेशी, दलित, महिला, आदिवासी जनजाति, कर्णाली लगायतका दूर्गम क्षेत्रका आन्दोलकारी शक्तिहरु ।
- पेशागत र विषयगत आन्दोलकारी शक्तिहरु ।

तेश्रो चरणमा निम्न आन्दोलनकारी शक्तिहरुले गोलमेच सम्मेलनको माध्यम विकल्पहरु सहितको साझा मागहरु तय गर्न पर्दछः

- सरकार, सात राजनैतिक दलहरु, आन्दोलनकारी शक्तिहरु (मधेशी, दलित, महिला, आदिवासी जनजाति र कर्णाली लगायतका), पेशागत र विषयगत आन्दोलकारी शक्तिहरु ।
- सहमती अनुसार अन्तरिम संविधान, ऐन कानून, नियम विनीयम आदिमा संशोधन ।
- सहमतीका अन्य बूंदाहरुको उमान्दारी पुर्वक कार्यान्वयन ।

बिकल्प १ को बाटो निश्चितरुपमा सजिलो छैन समय, प्रतिनिधित्व र सर्वसम्मतिका हिसावले । जति विवाद भए पनि विभीन्न शक्तिहरुको आन्तरिक विवाद लोकतान्त्रिक पकृया अन्तर्गत के हो र निष्कर्षले पछि सृजना हुनसक्ने विवादहरु साम्य पार्न वा न्यूनीकरण गर्नमा मदत पुग्छ । साथै विभीन्न आन्दोलकारी शक्तिहरु विच संवाद गर्न सहज पनि बनाउनंछ ।

***बिकल्प २:***

बिकल्प १ लाई स्वकिार नगर्ने हो भने बिकल्प २ यस प्रकार छः

- संविधान सभा अघि कम्तीमा पनि निम्न तिन तरिकाको प्रतिनिधित्वको संवैधानिक सुनिश्चित हुनु पर्दछः

- संविधान सभाको एउटा तहमा राजनैतिक दलहरुको )जाती, लिंग र क्षेत्रका आधारमा समावेशी र समानुपातिक सहति) समानुपातिक प्रतिनिधित्व ।
- संविधान सभाको अर्को तहमा प्रत्येक जात जाती, भाषा र धर्मको प्रतिनिधित्व (लिंग र क्षेत्रको समानुपातिक प्रतिनिधित्व सहित) ।
- संविधान सभाको अर्को तहमा पेशागत र विषयगत समुदायको (समाबेशी र समानुपातिक) प्रनिधित्व) ।

- सात राजनैतिक दलहरुका प्रत्येक दलहरुले आन्तरिक लोकतन्त्रलाई कार्यान्वयन गर्न केन्द्रिय कार्य समिति, पोलीटब्यूरो, जनवर्गीय संगठन आदि देखि स्थानीय तहसम्मका संगठनहरुमा कम्तीमा पनि जाती, लिंग र क्षेत्रका आधारमा साबेशी र समानुपातिक गर्न पुनसंरचना गर्नपर्ने ।
- राजनैतिक दलहरुमा विभीन्न जाति, लिंग र क्षेत्रका शरीरकोमात्र प्रतिनिधित्व नगराएर उनीहरुका सावलहरुको पनि प्रतिनिधित्व गर्न दिन पर्ने ।

बिकल्प २ कार्यान्वयन गर्न राजनैतिक दलहरुमा इच्छाशक्ति, प्रतिबद्धता र सम्बेदनशीलता नभए गहारो छ , भयो भने सजिलो छ । यस्तो होला भनेर विगत र वर्तमानका आधार बाट विश्वशनीय देखिदैन ।

***बिकल्प ३:***

बिकल्प १ र बिकल्प २ बढि आदर्श देखियो वा व्यावहारिक भएन भन्ने लागेको अवस्थामा बिकल्प ३ निम्नानुसार हुनसक्दछः

- अन्तरिम संविधानमा राज्य एकल बाट संघात्मक हुने तय भइसकेको र कस्तो किसिमको संघात्मकता हुने बारेमा विवद र विश्वासको संकट रहेकोले अन्तरिम संविधानमा चौथो संशोधन गरि संघात्मकताको आधार विखण्डनको अधिकार वाहेकको आत्मनिर्णयको अधिकार सहितको जातीय, भाषिक र क्षेत्रगत स्वायत्तता हुने र यस्को विस्तृत खाका संविधान सभाले तय गर्ने छ भन्नु पर्ने छ ।
- राज्यको सबै तहमा कम्तीमा पनि जाती, लिंग र क्षेत्रका आधारमा समाबेशी र समानुपातिक प्रतिनिधित्वको सुनिश्चतता गर्न पर्ने छ ।

***बिकल्प ४:***

बिकल्प १, २ र ३ सम्भव नभएको खण्डमा अन्तिम विकल्प ४ यस् प्रकार छः

- पहिलो चरणमा गर्न पर्ने कार्य:
    - मधेशी आन्दोलनको गोलमेच सम्मेलन गरेर जनआन्दोलन वा जनविद्रोहकाकालगि कार्यगत एकता गर्न पर्ने
    - आदिवासी जनजातिका आन्दोलनकारी शक्तिहरु विच गोलमेच सम्मेलन गरेर जनआन्दोलन वा जनविद्रोहका लगि कार्यगत एकता गर्न पर्ने ।

- दलित आन्दोलनका आन्दोलनकारी शक्तिहरु विच गोलमेच सम्मेलन गरेर जनआन्दोलन वा जनविद्रोहका लगि कार्यगत एकता गर्न पर्ने ।
- कर्णाली लगायतका आन्दोलकारी आन्दोलनकारी शक्तिहरु विच गोलमेच सम्मेलन गरेर जनआन्दोलन वा जनविद्रोहका लगि कार्यगत एकता गर्न पर्ने ।

- दास्रो चरणमा गर्न पर्ने कार्य:
  - मधेशी, दलित, आदिवासी जनजाति र कर्णाली लगायतका आन्दोलनकारी शक्तिहरु विच गोलमेच सम्मेलन गरेर जनआन्दोलन वा जनविद्रोहकाकालगि कार्यगत एकता गर्न पर्ने ।
- तेस्रो चरणमा गर्न पनृ कार्य:
  - मधेशी, दलित, आदिवासी जनजाति र कर्णाली लगायतका आन्दोलनकारी शक्तिहरुले एक साथ शान्तिपूर्ण जनआन्दोलन वा जनविद्रोह गर्न पर्ने ।
  - जनआन्दोलन वा जनविद्रोहका बलमा कामचलाउ सरकार गठन गरी पूर्ण समानुपातिक निर्वाचन पद्धती अबलम्बन गरी संविधान सभाको निर्वाचन गर्ने र त्यसै माध्यम नयां संविधान निर्माण गर्ने ।

राज्य पक्ष अर्थात सरकार र सात राजनैतिक दलहरुले विभीन्न आन्दोलनकारी शक्तिहरुका जायज मागहरुलाई संविधान सभा अघि समाधान गर्न तत्पर नभएको अवस्थामा यी सबै विकल्पहरु विकल्प रहन सक्नेछैन । यस्तो अवस्थामा अन्य दुई बिकल्प वांकी रहने छ:

*बिकल्प ५:*

सरकार र सात राजनैतिक दलहरुले आफनो अडान नछाडे आन्दोलकारी शक्तिहरुले पनि आफनो अडान नछाड्ने । जे लिने हो संविधान सभा अघि नै हो पछि कुनै ठेगान छैन भन्ने निश्चय गर्ने हो भने आन्दोलनलाई सशक्त बनाउन पर्ने हुन्छ । तर खतरा के पनि छ भने शान्तिपूर्ण आन्दोलन हिंसात्मक भएर जान सक्ने, राजावादी र विदेशीहरुले चलखेल गर्नसक्ने, निरंकुश शासकको उदय हुनसक्ने र सेनाले प्रत्येक्ष वा अप्रत्येक्षरुपमा शासन सभांल्न सक्ने आदि अनपेक्षित घटना घटेको खण्डमा केहि पनि नपाउने परिस्थिती पनि आउन सक्नेछ ।

**बिकल्प ६: आन्दोलनकारी शक्तिहरुले** संविधान सभा अघि जे जती संभव छ दवाव दिएर आफ्ना हक अधिकारहरु जे जती सम्भव छ त्यसलाई सुरक्षित गर्ने । आफ्नो हक अधिकार बिरुद्ध संविधान सभा अघि राज्य पक्ष वा सरकार र स ात राजनैतिक दलहरुले गरेका कामहरुको विरोध गर्दै उनीहरुलाई वांकी काम पुरा गर्न संविधान सभाले निर्माण गर्ने संविधान सम्म पर्खने र यदी आफ्ना हक अधिकारहरु सुनिश्चत नभएको खण्डमा निशस्त्र वा सशस्त्र जनआन्दोलन वा जनविद्रोह उठाउन सकिन्छ ।

**सरकार र सात राजनैतिक दलले रोज्न खोजेका बिकल्पहरु**

*बिकल्प १:*

आन्दोलनकारी शक्तिहरुलाई वार्तामा अलमलाएर सिथल पार्ने, आन्दोलकारीका मागहरु संविधान सभाले तय गर्ने छ भनेर पुरा नर्गा चासो नदेखाउने र जनपद, सशस्त्र प्रहरी र शिष सुरक्ष दस्ता प्रयोग गरि संविधान सभाको निर्वाचन एक वा दुई वा सो भन्दा बढि चरण पार गरेर जसरी पनि गर्ने । सरकार र सात दलले यो विकल्प राजेको खण्डमा नेपालमा हिंसा प्रतिहिंसा र राजनैतिक अस्थिरता अरु चर्किएर जाने छ ।

*बिकल्प २:*

मधेश र पूर्वी पहाडका आन्दोलनहरुलाई सेना प्रयोग गरि दबाएर संविधान सभाको निर्वाचन गर्न खोजेमा गृहयुद्ध तर्फ धकेलीने निश्चित छ ।

*बिकल्प ३:*

विभीन्न कारणले घोषित मिती चैत २८ गते संविधान सभाको चुनाव फेरी पनि सार्न बाध्य भएको खण्डमा अन्तरिम संविधानमा संशोधन गरि या अर्को तिथी तय गर्ने वा अहिले भएको अन्तरिम विधायिका संसदलाईनै संविधान सभामा परणत गर्ने संभावना पनि छ । यसो भएको खण्डमा सात राजनैतिक दल प्रति आम जनता रुष्ट हुने र राजनैतिक अनिश्चितता बढ्ने निश्चित छ ।

*बिकल्प ४:*

सात दल मध्येका एक दल (जस्तै नेपाली कांग्रेस) वा एक भन्दा बढि दल (जस्तै नेपाली कांग्रेस र ने.क.पा. एमाले) सेनाको समर्थन लिएर प्रजातान्त्रिक कु गर्न सक्दछ वा ने.क.पा. माओवादीले जनविद्रोह गरेर एकलौटी वा मोर्चाबन्दी गरेर सत्ता लिन सक्दछ ।

**अन्तमा,**

नेपालमा संकट दिन परदिन बढ्दो छ र झनै जटिलता तर्फ बढेको छ । यो ऐतिहासिक समयमा राज्य, सरकार, राजनैतिक दलहरु, नागरिक समाज, आन्दोलकारी शक्तिहरु आदि सबैले उपयुक्त बिल्पको छनौट गर्न नसके अरु समस्याको भूमरीमा पर्ने पक्का छ । समस्याको भूमरीमा पर्दै गएको खण्डमा शान्ती, विकास, प्रगति र समृद्धि मृगतृष्णा सावित हुनेछ । त्यसैले राज्यसत्ता अर्थात सरकार र सात राजनैतिक दलहरु अझ बढि जिम्मेवारीका साथ सार्वभौमसत्ता र राज्यसत्ताले सम्पन्न मधेशी, दलित, आदिवासी जनजाति, महिला, कर्णाली र अन्य पेशागत र विषयगत जनताहरुको आधारभूत जाजय मागहरुलाई संविधान सभा अघि सम्बोधन गरेर वांकी कुराहरु संविधान सभा पछि तय गर्दा सबैको कल्याण हुने देखिन्छ ।

February 8, 2008, Kathmandu

Dr. Krishna B. Bhattachan is a well known sociologist and leader of Indigenous Peoples in Nepal. Read his profile» Comments? Write him at: kchan@wlink.com.np

सुप्रसिद्ध समाजशास्त्री डा कृष्णबहादुर भट्टचन आदिबासी जनजाती आन्दोलनका अगुवा हस्ती हुनुहुन्छ। हरेक साता शुक्रवार वहाँले लेख्नु हुने **साप्ताहिक झटारो** पढ्न नभुल्नु होला।

**डा. भट्टचनका पुराना लेखहरु Archive:**


साप्ताहिक झटारो-१: 'मधेशिको आफ्नै राजनीतिक दल बनाउने आँट, आदिबासि-जनजातिर दलितका लागि पाठ'

साप्ताहिक झटारो-२: के स्वायत्तताको माग विखण्डनकारी र साम्प्रदायीक हो?

साप्ताहिक झटारो-३: सात दलका २३ बुंदे सहमति: माछा-माछा भ्यागुता

साप्ताहिक झटारो-४: जातीय समाधान: नाक, छाला को रङ्ग र क्षेत्र कि बर्गबाट?

साप्ताहिक झटारो-५: संघात्मकता र स्वायत्तताका गाँठाहरु

साप्ताहिक झटारो-६: सोइ ढोले सोइ, हाम्रो राजनैतिक दल खोइ? सोइ ढोले सोइ, हाम्रो शक्ति खोइ?

साप्ताहिक झटारो-७: सामूहिक हिंसाको राजनीति किन भुसको आगो झैं सल्कदै छ?

साप्ताहिक झटारो-८: नेपालमा किन कसैले कसैलाई विश्वास गर्दैन? विश्वासको संकटको साढे सातको दशाबाट कसरी पार हुने?